नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी तथा गरिबी निवारण गतिविधि

(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) अनुसार प्रकाशित बुलेटिन)

वर्ष ४ अंक ८ चैत्र, २०७२ Year 4 Vol. 8 April 2016



## उपप्रधानमन्त्रीज्यूको आगमन

नवनियुक्त उपप्रधान तथा सहकारी तथा गरिबी निवारण मन्त्री श्री चित्रबहादुर के.सी.ले मिति २०७२।०७।१९ गते पद बहाली गर्नुभयो । मन्त्रालयका सचिव श्री शंकरप्रसाद अधिकारी, सहसचिव तथा अन्य कर्मचारीहरूद्वारा नवनियुक्त उपप्रधानमन्त्री श्री चित्रबहादुर के.सी.लाई मन्त्रालयमा स्वागत गरियो । पदभार ग्रहण गरेको भोलिपल्ट मन्त्रालयको सभाहलमा माननीय उपप्रधानमन्त्रीज्यू र मन्त्रालयका सबै कर्मचारीहरुबीच परिचयात्मक कार्यक्रम समपन्न गरियो । माननीय उपप्रधानमन्त्रीज्यूले सोही अवसरमा मन्त्रालयका सम्पूर्ण कर्मचारीहरुलाई कार्यालयको कामहरु प्रभावकारी रुपमा गर्न निर्देशन समेत दिनुभयो ।



नवनियुक्त मन्त्रीज्यूबाट पदभार ग्रहण पश्चात मन्त्रालयका कर्मचारीहरूलाई निर्देशन दिँदै ।

## गरिबी निवारण दिवस

गरिबी निवारण दिवसको अवसर पारी अक्टोबर १७ मिति २०७२।६।२९ गते यस सहकारी तथा गरिबी निवारण मन्त्रालयको हलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्री डा. गोविन्दराज पोखरेलको प्रमख अतिथ्य, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रमको अवसरमा यस मन्त्रालयका सचिव श्री शंकरप्रसाद अधिकारीले गरिबी निवारणमा सबैको योगदान अपरिहार्य रहेको र त्यसको लागि Production Sector मा सुधार, रोजगारमूलक कार्यक्रमहरू सञ्चालन, सामाजिक तथा भौतिक संरचनामा लगानी बढाएर गरिबी निवारण सम्भव हुने कुरामा जोड दिनुभएको थियो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्दराज पोखरेलले गरिबी निवारणका लागि उत्पादन बढाउनु पर्ने साथै समानुपातिक वितरण व्यवस्थामा जोड दिनु भएको थियो । त्यस्तै,गरिब घरपरिवार सहयोग समन्वय बोर्डका तत्कालिन कार्यकारी उपाध्यक्ष श्री चिन्तन पौडेलले गरिब घरपरिवार सहयोग समन्वय बोर्डले हाल सञ्चालनमा ल्याएको Smart Card वितरणको कार्यक्रम कार्यान्वयनको चरणमा रहेको र पहिचान पश्चात सञ्चालन गरिने लक्षित कार्यक्रमबाट गरिब घरपरिवारको जीवनस्तरमा परिवर्तनको अनुभूति दिलाइनेमा आफू विश्वस्त रहेको बताउनु भएको थियो ।



गरिबी निवारण दिवसमा  उपस्थित सहभागिहरू




अन्तराष्ट्रिय गरिबी निवारण दिवसको अवसरमा
सचिव श्री शंकरप्रसाद अधिकारी आफ्नो विचार व्यक्त गर्दै

## पत्रकार सम्मेलन

सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री चित्रबहादुर के.सी.को उपस्थितिमा मिति २०७२ माघ १३ गते मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलन भएको थियो । उक्त सम्मेलनमा मन्त्रालयका सचिव श्री शंकरप्रसाद अधिकारीले सहकारी विधेयक २०७२ लगायत अन्य समसामयिक विषयमा जानकारी गराई पत्रकारहरूको जिज्ञासालाई सम्बोधन गर्नु भएको थियो ।




पत्रकार सम्मेलन

## अनुगमन

यस मन्त्रालयका सचिव श्री शंकरप्रसाद अधिकारीको नेतृत्वमा सहसचिव सुरेश प्रधान र विभागका तत्कालिन रजिष्ट्रार श्री काशिनाथ मरासिनी तथा अन्य कर्मचारी समेतको टोलीले

जुम्ला जिल्लाको सहकारी संस्थाहरूको अनुगमन निरीक्षण भ्रमण गरेको थियो । भ्रमणका क्रममा COPOMIS सम्बन्धी तालिम कार्यक्रम उद्घाटन तथा विभिन्न सहकारी संस्थाहरूको अनुगमन गरिएको थियो ।



मन्त्रालयको सचिव, सहसचिव तथा विभागका रजिष्ट्रारलाई जुम्लामा स्वागत गरिँदै ।

## मन्त्रालयको सरसफाई कार्यक्रम

मन्त्रालय र मन्त्रालय वरिपरिको वातावरण सफा राख्न श्रीमान् सचिवज्यूको सहभागितामा मन्त्रालयको परिसर भित्रको सरसफाई कार्यक्रम समपन्न भयो । सो अवसरमा सचिवज्यूको साथसाथै सहसचिव, उपसचिव तथा अन्य कर्मचारीहरूको उल्लेखनीय सहभागिता भयो ।



मन्त्रालयको सरसफाई गर्दै कर्मचारीहरू

## पूर्वसचिव श्रीधर गौतमको विदाई

मिति २०७१/५/२ देखि २०७२/४/२० सम्म यस मन्त्रालयको सचिवको कार्यभार सम्हाली कार्य गर्नु भएका पूर्व सचिव श्रीधर गौतमलाई मन्त्रालयको हलमा एक कार्यक्रम गरी भव्यताका साथ विदाई गरियो । सहकारी तथा गरिबी निवारण मन्त्रालय उहाँको सुखमय सेवा निवृत जीवनको कामना गर्दछ ।



पूर्वसचिव श्रीधर गौतमज्यूको विदाई गरिदैं

## गुनासो सुनवाई

मन्त्रालयको मन्त्रीज्यूको कक्षमा माननीय उपप्रधानमन्त्री श्री चित्रबहादुर के.सि.ले सहकारी संस्थाहरुबाट ठगिएका पिडितहरुको गुनासो सुनवाई गर्नु भएको थियो र पिडितहरुको समस्या समाधान गर्नको लागि आफू सक्रिय भएर लागिरहने विश्वास दिलाउनु भयो ।



पिडितहरुको गुनासो सुनवाई गर्दै माननीय मन्त्रीज्यू

## सहकारी दिवस

चैत्र २० गते सहकारी दिवसको अवसरमा चितवनमा रहेको नेपालको पहिलो बखान सहकारी संस्थाको आमन्त्रणमा

सहकारी दिवस मनाउनको लागि मन्त्रालयको माननीय मन्त्रीज्यू, सचिवज्यू, लगायतका अन्य पदाधिकारीहरुले उपस्थिति जनाउनु भएको थियो । सो अवसरमा बखान सहकारी संस्थाको अनुगमन तथा निरीक्षण पनि गरिएको थियो ।



सहकारी दिवसको अवसरमा बखान सहकारी संस्थाको संस्थापक सदस्यहरुलाई कदरपत्र प्रदान गर्नुहुँदै माननीय उपप्रधानमन्त्रीज्यू

### कार्यसम्पादन सम्झौता

निजामति सेवा नियमावली, २०५० को नियम ३४ ख. मा उल्लेखित कार्यसम्पादन सम्झौता सम्बन्धी व्यवस्था तथा सामान्य प्रशासन मन्त्रालयको सोचपत्र-२०७२ को बुँदा नं. १३ मा उल्लेखित व्यवस्था अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव र सहकारी विभागका रजिष्ट्रार बीच मिति २०७२।०८।०६ मा कार्य सम्पादन सम्झौता भएको । सोहि मुताबिक सहकारी विभागका रजिष्ट्रार र मातहतका कार्यालय प्रमुखहरूको बीचमा पनि कार्य सम्पादन सम्झौता भएको ।



सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव र सहकारी विभागका रजिष्ट्रारबीच कार्यसम्पादन सम्झौता हुँदै

**मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति**

मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा आ.व. २०७१।७२ को वार्षिक प्रगति समिक्षा बैठक सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री शंकरप्रसाद अधिकारीज्यूको अध्यक्षतामा मिति २०७२।०५।०४ मा सम्पन्न भएको ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा आ.ब. २०७२।७३ को प्रथम चौमासिक समिक्षा बैठक माननीय उपप्रधानमन्त्री चित्र बहादुर के.सी.ज्यूको अध्यक्षतामा मिति २०७२।०९।०७ मा सम्पन्न भएको । यस बैठकले राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउन गरेका निर्णयहरु निम्नअनुसार छन् :

- समस्याग्रस्त सहकारीहरूको सम्पति व्यवस्थापन समिति गठन गर्ने लगायतका कार्यको लागि सहकारी ऐन २०४८ लाई पुनरावलोकन गरी नयाँ सहकारी विधेयक २०७२ को मस्यौदा तयार गरी मन्त्रालयको तर्फबाट अन्तिम रूप दिई सैद्धान्तिक सहमति तथा स्वीकृतिका लागि अर्थ मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने कार्य सम्पन्न भईसकेकाले उक्त मन्त्रालयबाट चाँडो स्वीकृत लिई यथाशिघ्र संसदबाट पारित गराउनको लागि पहल गरिदिन अनुरोध गर्ने ।
- गरिबी निवारण सम्बन्धी गरिबी निवारण कोष, युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा रहेको गरिबी निवारण सम्बन्धी कार्यक्रम यस मन्त्रालय मातहतमा ल्याउन आवश्यक पहल गरिदिन अनुरोध गर्ने ।
- सहकारी सङ्घ/संस्थाहरूको प्रवर्द्धन र नियमनलाई प्रभावकारी बनाउन हाल ३८ जिल्लामा सहकारी डिभिजन कार्यालयहरू रहेकोमा संगठन संरचना परिवर्तन गरी यसलाई बढाएर ७५ वटै जिल्लामा कार्यालय स्थापना गर्न अनुरोध गर्ने ।

### सहकारी ऐन,२०७२ को मस्यौदा

सहकारी ऐन, २०४८ लाई पुनरावलोकन गरी सहकारी ऐन, २०७२ को मस्यौदा तयार गरी मन्त्रालयको तर्फबाट अन्तिम रूप दिई सैद्धान्तिक सहमति तथा स्वीकृतिका लागि अर्थ मन्त्रालय र कानून न्याय संविधान तथा संसदीय व्यवस्था

मन्त्रालयमा पठाउने कार्य सम्पन्न भई मिति २०७२।१०।१० मा नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिको लागि पेश गरिएको ।

### यस मन्त्रालयबाट भएका अन्य विभिन्न कार्यहरु

मन्त्रालय अन्तर्गत मातहत कार्यालयहरुको अनुगमन कार्यलाई परिष्कृत र समयसापेक्ष बनाउन अनुगमन कार्यविधि २०६९ को दफा ५(ख) र ८(१) सँग सम्बन्धित मन्त्रालय अन्तर्गत कार्यालयहरू तथा आयोजनाहरूको अनुगमन प्रतिवेदनमा नसमेटिएका विषयहरू र यस मन्त्रालय तथा अर्न्तगत निकायको स्वीकृत आ.व. २०७२।७३ को वार्षिक कार्यक्रमहरु लाई समेत समेट्ने गरी अनुगमन फर्मेट तयार गरी पुस मसान्तसम्म ९ वटा डिभिजन सहकारी कार्यालयहरूको अनुगमन तथा निरीक्षण गरिएको ।

राष्ट्रिय सहकारी विकास बोर्ड ऐन २०४९ लाई समसामयिक रूपमा संशोधन गर्नुपर्ने भएकाले संशोधनको प्रारम्भिक मस्यौदा तयार गरी छलफल अगाडि बढाइएको ।

मन्त्रालय र अन्तर्गत निकायको मध्यमकालीन खर्च संरचना (२०७२।७३-२०७४।७५) (MTEF) तयार गरी राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाएको ।

यस मन्त्रालय र अन्तर्गत निकायबाट कार्यान्वयन गरिने दुई वर्षे तत्काल सुधार कार्ययोजनाको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाएको ।

अर्थ मन्त्रालयबाट जारी गरिएको श्वेतपत्र कार्यान्वयन कार्ययोजनामा समाविष्ट यस मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको मुख्य मुख्य क्रियाकलापहरू, जिम्मेवार निकाय, सहयोगी निकाय र अनुगमन सूचकसहितको तालिका तयार गरी कार्यान्वयन गर्नका लागि सहकारी विभाग र मन्त्रालयका शाखाहरूमा पठाएको ।

सङ्घीय संरचना अनुसार ७ प्रदेशमा हाल रहेका यस मन्त्रालय अन्तर्गतका कार्यालय र कर्मचारीको दरबन्दी अनुसार प्रादेशिक प्रोफाइल तयार गरी संक्रमणकालीन व्यवस्थाको लागि उपयुक्त सुझाव पेश गरेको ।

राष्ट्रिय सहकारी दिवसको अवसर पारी उत्कृष्ट सहकारी सङ्घ/संस्थाहरू, उत्कृष्ट सहकारीकर्मी, सहकारी क्षेत्रमा कार्यरत उत्कृष्ट राष्ट्रसेवक कर्मचारी, उत्कृष्ट सहकारी पत्रकार, सहकारी सम्बन्धी लेख, रचना र डकुमेन्ट्रिलाई पुरस्कार प्रदान गर्ने कार्यक्रम अनुसार मिति २०७२।१०।२२ गते कान्तिपुर दैनिकमा सूचना प्रकाशन गरी आवेदनहरू संकलन भएको । सो आवेदनको मूल्याङ्कन गर्न सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहसचिवज्यूको संयोजकत्वमा ४ सदस्यीय मूल्याङ्कन समिति तयार भई मूल्याङ्कनको कार्य भईरहेको ।

आ.व. २०७२।७३ को फागुन मसान्त सम्ममा ५ वटा सहकारी सङ्घ/संस्थाहरूलाई सानो पिकअप भ्यान खरिद गर्न एवंम मेशिनरी सामान खरिदको लागि भन्सार महशुल छुटको लागि अर्थ मन्त्रालयमा सिफारिस भएको ।

गरिबी निवारण सम्बन्धी क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुको क्रियाकलापहरुको प्रोफाइलिङ्ग तथा अन्तरक्रिया गर्ने कार्यको लागि परामर्शदाता मार्फत कार्य सम्पन्न गर्न TOR स्वीकृत गरी परामर्शदातासँग करार सम्झौता भएको । सो सम्बन्धी Inception Report परामर्शदाताले पेश गरी योजनाबद्ध रुपमा NGO/INGO को क्रियाकलापहरुको प्रोफाइलिङ्ग गर्ने कार्य प्रारम्भ भएको ।

### सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को कार्यान्वयन

- COPOMIS को लागि स्थानीय परामर्शदाता बाट नै सफ्टवेयर विकास भै User Acceptance Test (UAT) को चरणमा रहेको ।
- COPOMIS कार्यान्वयनको लागि सबै डि.स.का.हरुमा Computer, Printer, Router, Photocopy, Scanner, Projector, Network, Inverter लगायतका सूचना प्रविधिका सामानहरु उपलब्ध गराई कार्यान्वयन बातावरण तयार गरिएको ।
- COPOMIS को Pilot Testing कार्य सम्पन्न भएको ।

### क्षमता विकास र सफ्टवेयर सन्चालनको लागि

- जुम्ला, पोखरा र काठमाण्डौँमा डिभिजन सहकारी कार्यालयको प्रमुख तथा अन्य कर्मचारीहरुलाई User level Training
- केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र काठमाण्डौँमा सात दिने Operational TOT Level Training
- मन्त्रालयको सभाहलमा एक दिवसिय Policy Level Trainig
- GIZ को सहयोगमा एवं यस मन्त्रालयको समन्वयमा नेपालगञ्जमा ५ जिल्लाका सहकारी संघसस्थाहरुका २० जना सहभागीहरु सम्मिलित १० दिने User level Training सम्पन्न भएको ।



काठमाण्डौँमा डिभिजन सहकारी कार्यालयका प्रमुखहरुलाई COPOMIS प्रशिक्षण दिँदै मन्त्रालयका सहसचिव श्री सुरेश प्रधान



केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र काठमाण्डौँमा भएको सात दिने Operational TOT Level Training

### गरिब घरपरिवार सहयोग समन्वय बोर्ड

देशमा विद्यमान् गरिबीको दुष्चक्रलाई तोड्नको लागि गरिब घरपरिवार परिचयपत्रमार्फत् गरिबी निवारणका कार्यक्रममा प्रत्यक्ष सहभागिता हुनु आवश्यक ठानी नेपाल सरकारले २०६९ साल भदौ ५ गते गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण समन्वय बोर्ड (हाल गरिब घरपरिवार सहयोग समन्वय बोर्ड) को गठन गरेको छ ।

### गरिव घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयको हालसम्मको उपलब्धीहरू :

- गरिब घरपरिवार पहिचानको लागि आवश्यक विवरण लिन प्रश्नावली निर्माण गरी छानिएका २५ जिल्लामा सर्वेक्षण सम्पन्न भएको ।
- सर्वेक्षण गरिएका १२,४०,३५० परिवारका प्रश्नावलीका विवरण कम्प्युटरमा प्रविष्ट गराई Proxy Mean Test विधिबाट प्रारम्भिकरूपमा करिब ३,५६,४१८ गरिब घरपरिवारको पहिचान भएको ।
- गरिब पहिचान भएका घरपरिवारको विस्तृत विवरण र जिल्लागत सारांश खिच्न सकिने गरी PHIMIS को डेटाबेस तयार भएको ।
- गरिब पहिचान भएका घरपरिवारको फोटो, बायोमेट्रिक लगायतका विवरण तथा अपूरो विवरण भएका १,५०,९५८ र छुट भएका तथा यस अवधिमा थप भएका घरपरिवारको प्रश्नावली विवरण तथा फोटो, बायोमेट्रिक लगायतका विवरणसमेत सङ्कलन गर्न परामर्शदाता नियुक्त गर्न कार्य विवरण (TOR) अन्तिम चरणमा पुगेको ।
- पहिचान भएका घरपरिवारको प्रारम्भिक सूचीमाथि गुनासो सुनुवाई गर्नको लागि गरिब घरपरिवार पहिचानको लागि प्रथम चरणमा छानिएका २५ जिल्लाहरूमा नियुक्त सूचना प्रविधि अधिकृतहरूलाई अभिमुखीकरण गोष्ठी गरिएको ।

### पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना :

पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना रोजगारी, आम्दानी र श्रोत साधनमा समानुपातिक पहुँचको क्रमिक

वृद्धि सुनिश्चित गरी गरिब घरपरिवारको जीवनस्तरलाई सुधार गर्ने दीर्घकालीन उद्देश्य हासिल गर्ने सामाजिक र आर्थिक सशक्तिकरणका रणनीतिहरू सहित नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष - International Fund For Agricultural Development (IFAD) को सहयोगमा आ.व. २०५९।६० देखि सुरु भएको हो । यो आयोजना पहिलो र दाश्रो चरण पूरा गरी आ.व. २०६९।७० देखि तेश्रो चरण कार्यान्वयनको प्रक्रियामा छ । यो चरणको कार्यान्वयन 16th July 2012 to 15th July, 2016 सम्म रहेको छ ।

**पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजनाको महत्वपूर्ण उपलब्धिहरू :**

**पहिलो र दोस्रो चरण**

- आयोजनाको दोश्रो चरणसम्म ४९४ वटा पूर्वाधार निर्माण भएका छन् ।
- कवुलियति वन उपभोक्ता ८८७ को संख्यामा पुगे । उक्त समूहलाई ११३३६.१२ हेक्टर कवुलियत वन क्षेत्र हस्तान्तरण भएको छ । उक्त जग्गा मध्येको उपयोग योग्य जग्गाको ८१.१४ प्रतिशत उपयोगमा आएको छ ।
- कृषि तथा पशु विकास तालिमबाट क्रमशः ३१५४ र २९०३ जना लाभान्वित भए भने ७६८ जना कृषकले नर्सरी विकास तालिम पाए । उन्नतजातका अन्नबाली, फलफुल तथा तरकारीको विउ वीजनबाट उत्पादन र आयआर्जनमा वृद्धि भएको छ । कोसेबाली, अन्नबाली र उच्च मूल्यका कृषि उपजहरूको परीक्षण तथा सफल जातहरूको विस्तार भएको छ । नश्ल सुधार, चरिचरण व्यवस्थापन, डाले घाँसका बिरुवा र घाँस आपूर्तिमा सहयोग भएको छ ।
- आयोजनाद्धरा ४ जिल्लामा लघुकर्जा परिचालन गर्दा २०८३ जना लाभान्वित (महिला ७४८, पुरुष १३३५) भएको देखिन्छ । कर्जा असुली दर (प्रतिशत) ९५.३९ छ । यसका साथै रु ३२ लाख लघुकर्जा परिचालनको लागि सहकारीहरूलाई बीउ पूँजी मार्फत् परिचालन गरिएको छ ।
- आयोजनाको दोश्रो चरण सम्ममा २५९४ सामुदायिक संस्था गठन गरिए । सामुदायिक संस्थामा ६८५४१ जनसंख्या (महिला ३४६३५ र पुरुष ३३९०६) आबद्ध भए । यसैगरी ८८७ वटा कबुलियति वन समूह गठन भएका छन् । जस्मा १२३६१ घरधुरी समेटिएका छन् । साथै ३२ सहकारी संस्थाहरूको सशक्तिकरण गरिएको छ ।

**तेश्रो चरण**

- आयोजनाको तेश्रो चरणसम्ममा खानेपानी २१२, सिंचाई ११०, सुधारिएको घट्ट १०६, लघु विद्युत ३५ गरी जम्मा ४६३ वटा पूर्वाधार निर्माण भएको र जसबाट ८८१९४ जनसंख्या लाभान्वित भएका छन् ।
- १०६ वटा समूहलाई सहकारीमा रूपान्तरण गरिएको ।
- कृषि बाली पाठशाला ६५ सञ्चालन भयो । जसमा १६२५ कृषकले भाग लिए र १८९ कृषकले अनुसरण गरे । विभिन्न खाले बाली तथा फलफुल उत्पादन सम्बन्धी प्रविधि प्रदान गरिएको, जसबाट १०८५ घरपरिवार लाभान्वित हुन पुगेका छन् ।
- पशुसेवा तर्फ ११,२८८ घरपरिवारलाई पशुधन वितरण गरिएको र साथै उनीहरूलाई पशु उत्पादन प्रविधिमा तालिम प्रदान गरिएको ।
- उद्यम व्यवसाय तर्फ १३६७ जना लाभान्वित भएका छन् ।

## विविध

### कार्यक्रम तथा बजेट

| आ.व. २०७२।७३ को बार्षिक बजेट विनियोजन | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **वजेट उ.शिर्षक नं. र मन्त्रालय र अन्तर्गत निकायहरू तथा बोर्डको बिबरण** | **चालु बजेट रु. (000)** | **पुंजीगत रु. बजेट (000)** | **जम्मा बजेट रु. (000)** |
| १. | ३५२०११-३।४ सहकारी तथा गरिबी निवारण मन्त्रालय | १०९४९४ | १०७०० | १२०१९४ |
| २. | ३५२०१७-३ सहकारी विभाग | १५७४९ | ० | १५७४९ |
| ३. | ३५२०१८-३ डिभिजन सहकारी कार्यालयहरू | १८०५९५ | ० | १८०५९५ |
| ४. | ३५२०२०-३/४, गरिब घरपरिवार सहयोग समन्वय बोर्ड | १५२७४० | १३४०७ | १६६१४७ |
| ५. | ३५२१३३-३/४ सहकारी प्रशिक्षण केन्द्र | ४८१६० | १०२७० | ५८४३० |
| ६. | ३५२१३४-३/४ सहकारी क्षेत्र सुदृढीकरण आयोजना | १३६९९५ | ६४०१० | २०१००५ |
| ७. | ३५२८१३-३/४,पश्चिमी उच्च पहाडी गरिबी निवारण आयोजना | ५१३५९६ | ४०० | ५१३९९६ |
| ८. | ३५२०१९-३ राष्ट्रिय सहकारी विकास वोर्ड (पि.टु.) | १००००० | ० | १००००० |
| | जम्मा | १२५७३२९ | ९८७८७ | १३५६११६ |

### सहकारी सङ्घसस्थाहरूको विवरण (असार मसान्त सम्मको)

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १. | प्रारम्भिक सहकारी संस्था | ३२६६३ |
| २. | जिल्ला सहकारी सङ्घ | ६९ |
| ३. | बिषयगत जिल्ला सङ्घ | २५२ |
| ४. | बिषयगत केन्द्रीय सङ्घ | २० |
| ५. | राष्ट्रिय सहकारी सङ्घ | १ |
| ६. | राष्ट्रिय सहकारी बैंक | १ |
| | **जम्मा** | **३३००६** |

स्रोत : सहकारी विभाग वार्षिक प्रगति प्रतिवेदन २०७१।७२ पेज २६

### नेपालमा सहकारीको कारोवार र योगदान (असार मसान्त सम्मको)

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | संचालक संख्या | २ लाख ६८ हजार |
| २ | सदस्य संख्या | ५१ लाख |
| ३ | प्रत्यक्ष रोजगारी | ५७ हजार |
| ४ | शेयरपूंजी | करिब रु.६३ अर्ब |
| ५ | बचत परिचालन | करिब रु.२०२ अर्व |
| ६ | कर्जा लगानी | करिब रु.१८८ अर्ब |

स्रोत : सहकारी विभाग नेपालमा सहकारी संघ/सस्था सम्बन्धि तथ्यांक २०७२ को प्रकाशन पेज न. ७

### आ.व. २०७१।७२ को कार्यक्रमको प्रगति विवरण

| क्र.स | (आयोजना / कार्यक्रमको नाम) | प्राथमिकता | वजेट उ. शिर्षक नं. | बार्षिक बजेट रु. हजारमा | बार्षिक खर्च रु. हजारमा | बार्षिक वित्तिय खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | P1 | (३५१०११-३/४) | ९२३९९ | ६४३५५ | ६९.७० | ८१.३४ |
| २ | सहकारी बिभाग : सहकारी क्षेत्र सुदृढीकरण आयोजना | P1 | (३५२१३४-३/४) | १५४३९ | १५१२० | ९७.९३ | ८८.९८ |
| ३ | सहकारी प्रशिक्षण केन्द्र | P1 | (३५२१३३-३/४) | ५६४६० | ५३६३६ | ९५ | १००.०० |
| ४ | पश्चिम उ.पहाडी गरिबी नि. आयोजना | P1 | (३५२८१२-३/४) | ५०५७९१ | ४६६५९९ | ९२.३३ | ९३.१८ |
| ५ | राष्ट्रिय सहकारी विकास बोर्ड | P2 | (३५२०१९) | ९१४९३ | ६०००० | ६५.५८ | ५९.०९ |
| | जम्मा | | | ७६१५८२ | ६५९७१० | ८६.६२ | |

**मन्त्रालय र अन्तर्गत निकायहरू**

(क) सहकारी विभाग
- ➪ डिभिजन सहकारी कार्यालय ३३
- ➪ केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, काठमाडौं १
- ➪ सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय ५ (सुनसरी, चितवन, पोखरा, नेपालगंज, धनगढी)

(ख) राष्ट्रिय सहकारी विकास बोर्ड

(ग) गरिव घरपरिवार सहयोग समन्वय बोर्ड

(घ) पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना

### मन्त्रालय र अन्तर्गत निकायको जनशक्ति विवरण

| निकाय | रा.प. | रा.प.अनं. | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|
| मन्त्रालय | २६ | २१ | १५ | ६२ |
| सहकारी विभाग र अन्तर्गत | ८६ | ३६९ | १३९ | ५९४ |
| गरिव घरपरिवार सहयोग समन्वय बोर्ड (अस्थायी दरबन्दी) | ३८ | ७ | ७ | ५२ |
| पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना (अस्थायी दरबन्दी) | २० | ५४ | १६ | ९० |
| जम्मा | १७० | ४५१ | १७७ | ७९८ |

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
२०७२ चैत्र महिना सम्मको
वेरुजु फछ्र्यौट प्रगति विवरण

रु. हजारमा

| विवरण | जम्मा वेरुजु लगत | सं.प.लाई लेखिगएको | संपरीक्षणवाट फछ्र्यौट वेरुजु | | | | | | कुल जम्मा | सं.प.नभई फिर्ता प्राप्त | लेखिगएको मध्ये संप. हुन बाँकी | लेखि पठाउन बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्म | | यो महिनाको | | जम्मा | | | | | | |
| | | | म.ले.प.का. वाट | कुमारी चोक तथा के.त.वाट | म.ले.प.का. वाट | कुमारी चोक तथा के.त.वाट | म.ले.प.का वाट | कुमारी चोक तथा के.त.वाट | | | | | |
| (१) साबिक देखि आ.व. २०५९/६० (म.ले.प.को प्रतिवेदन २०६१ सम्मको) | ८४० | ० | | ० | ० | ० | ० | ० | ० | - | - | ८४० | |
| (२) आ.व.२०६०/०६१ देखि आ.व. ६९।७० ( म.ले.प. को प्रतिवेदन २०७० सम्मको) | २९१५६ | ३०२१ | १३०८. | 0 | २२४ | 0 | १५३२ | ० | १५३२ | | १४८९ | २६१३५ | ५.२५ |
| (३) आ.व.२०७०।७१ (म.ले.प.को प्रतिवेदन २०७१ को थप ) | २५००६ | १५६७३ | ९४९४ | | ० | | ९४९४ | ० | ९४९४ | | | ९३३३ | ३७.९७ |
| जम्मा | ५५००२ | १८६९४ | १०८०२ | ० | २२४ | ० | ११०२६ | ० | ११०२६ | ० | १४८९ | ३६३०८ | २०.०५ |

विशेष विवरण

१.जम्मा वेरुजु मध्ये असुल गर्नु पर्ने :-

२.जम्मा फछ्र्यौट मध्ये असुलउपर भई फछ्र्यौट :-

३.वेरुजु र फछ्र्यौटको विभागगत विवरण संलग्नछ ।

द्रष्टव्य :- समिति तर्फको छुट्टै पानामा उल्लेख गर्नु पर्नेछ ।

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
२०७२ चैत्र महिना सम्मको
विभागगत वेरुजु फछ्र्यौट प्रगति विवरण

रु. हजारमा

| विवरण | जम्मा वेरुजु लगत | सं.प.लाई लेखिगएको | संपरिक्षणवाट फछ्र्यौट वेरुजु | | | | | | | सं.प.नभई फिर्ताप्राप्त | लेखिगएको मध्ये संप. हुन बाँकी | लेखि पठाउन बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्म | | यो महिनाको | | जम्मा | | कुल जम्मा | | | | |
| | | | म.ले.प.का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का.वाट | कुमारीचोक तथा के.त.वाट | म.ले.प.का वाट | कुमारीचोक तथा के.त.वाट | | | | | |
| (१) १.साबिक देखि आ.व. २०५९/६० (म.ले.प.को प्रतिवेदन २०६१ सम्मको) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १-सहकारी विभाग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | | ० | ० |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | ८४० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८४० | ० |
| जम्मा | ८४० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८४० | ० |
| (२) आ.व.२०६०/०६१ देखि आ.व.०६९/७० (म.ले.प.को प्रतिवेदन २०७० सम्मको) | | | | | | | ० | ० | ० | | | ० | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | २८४३ | १४८९ | ० | | | | ० | ० | ० | | १४८९ | १३५४ | ० |
| २- सहकारी विभाग | १२९० | ० | ० | ० | २२४ | ० | २२४ | ० | २२४ | ० | ० | १२९० | १७ |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | २५०२३ | ० | १३०८ | ० | ० | ० | १३०८ | ० | १३०८ | ० | ० | २५०२३ | ५ |
| जम्मा | २९१५६ | १४८९ | १३०८ | ० | २२४ | ० | १५३२ | ० | १५३२ | ० | ० | २७६६७ | ५ |
| ३)आ.व. २०७०/०७१(म.ले.प.को प्रतिवेदन २०७१को थप ) | | | | | | | ० | ० | ० | | | ० | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | १५६१८ | | ९४९४ | ० | ० | | ९४९४ | ० | ९४९४ | | | १५६१८ | ६१ |
| २- सहकारी विभाग | ९२८८ | ६१७९ | | ० | ० | ० | ० | ० | ० | ० | ६१७९ | ३१०९ | ० |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | १०० | | | ० | ० | ० | ० | ० | ० | ० | ० | १०० | ० |
| जम्मा | २५००६ | ६१७९ | ९४९४ | ० | ० | ० | ९४९४ | ० | ९४९४ | ० | ० | १८८२७ | ३८ |
| | | | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| साविक देखि २०७०/७१सम्मको कूल प्रगति विवरण | | | | | | | ० | ० | ० | | | ० | |
| १- सहकारी तथा गरिबी निवारण मन्त्रालय | १८४६१ | १४८९ | ९४९४ | ० | ० | ० | ९४९४ | ० | ९४९४ | ० | ० | १६९७२ | ५१ |
| २- सहकारी विभाग | १०५७८ | ६१७९ | | ० | २२४ | ० | २२४ | ० | २२४ | ० | ० | ४३९९ | २ |
| ३- उच्च पहाडि गरिवी निवारण आयोजना | २५९६३ | ० | १३०८ | ० | ० | ० | १३०८ | ० | १३०८ | ० | ० | २५९६३ | ५ |
| कुल जम्मा | ५५००२ | ७६६८ | १०८०२ | ० | २२४ | ० | ११०२६ | ० | ११०२६ | ० | ० | ४७३३४ | २०.०५ |

नेपाल सरकार

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरबार

## खर्चको फांटवारी

बजेट शिर्षक कोड:- ३५२०११-३ — आ.ब:-२०७२/२०७३

बजेट शिर्षक नाम:-सहकारी तथा गरिवी निवारण मन्त्रालय — महिना:- चैत्र

| महिनाको खर्च | मसान्त सम्मको निकासा | रकम नं. | शिर्षक | वार्षिक बजेट | मसान्त सम्मको खर्च | बांकि बजेट | निकासा बांकि |
|---|---|---|---|---|---|---|---|
| ९४३५४२.०० | | २१११११ | तलब | १८४४००००.०० | ९८३८९२४.०० | ८६०१०७६.०० | |
| ३६०००.०० | | २१११३ | महंगी भत्ता | ५५२०००.०० | ३३७५९८.०० | २१४४०२.०० | |
| १८२५०.०० | | २१११९ | अन्त भत्ता | ३०००००.०० | २२२६२५.०० | ७७३७५.०० | |
| २७००००.०० | | २११२१ | पोशाक | ३४५०००.०० | २७००००.०० | ७५०००.०० | |
| ५१६७९.०० | | २२१११ | पानी तथा विजुली | ९७७०००.०० | ३७७१३४.०० | ५९९८६६.०० | |
| ७१३९.०० | | २२११२ | संचार महसूल | ४८००००.०० | २५५४४०.०० | ४५४४६०.०० | |
| ९६०३५.०० | | २२२११ | इन्धन | १८१६०००.०० | ११३४९१३.०० | ६८१०८७.०० | |
| ३५०४९३.०० | | २२२१२ | संचालन तथा मर्मत संभार | १६०००००.०० | ११६२२७९.०० | ४३७७२१.०० | |
| १४४५००.०० | | २२२१३ | बीमा | २०००००.०० | १४४५००.०० | ५५५००.०० | |
| १७५६६९.०० | | २२३११ | कार्यालय सम्बन्धी खर्च | १८०००००.०० | ६९०९९०.०० | ११०९०१०.०० | |
| | | २२३१४ | इन्धन- अन्य प्रयोजन | १५५०००.०० | | १५५०००.०० | |
| ७७००.०० | | २२४११ | सेवा र परामर्श खर्च | ४३१०००००.०० | ९३४६७४.०० | ४२१६५३२६.०० | |
| २३८७०५.०० | | २२४१२ | अन्य सेवा शुल्क | ३४६८०००.०० | २५४०३९१.०० | ९२७६०९.०० | |
| | | २२५११ | कर्मचारी तालिम | १२०००००.०० | १६९५०.०० | ११८३०५०.०० | |
| ३०४००.०० | | २२५१२ | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी | १९४००००.०० | १७३३०५.०० | १७६६६९५.०० | |
| १४१७१५.०० | | २२५२२ | कार्यक्रम खर्च | १८५५१०००.०० | २०४७०६२.०० | १६५०३९३८.०० | |
| २०६८३३.०० | | २२६११ | अनुगमन, मूल्यांकन खर्च | २६७००००.०० | ६९३४०३.०० | १९७६५९७.०० | |
| १०५००.०० | | २२६१२ | भ्रमण खर्च | २५००००.०० | १२५००.०० | २३७५००.०० | |
| ४७१८७.०० | | २२७११ | विविध खर्च | ७५११५०.०० | ४४४९७२.०० | ३०६१७८.०० | |
| | | २२९११ | भैपरी आउने चालु खर्च | १०००००००.०० | | १०००००००.०० | |
| | | २६४१३ | अन्य संस्था तथा व्यक्तिलाई चालु अनुदान स:शर्त | ४०००००.०० | | ४०००००.०० | |
| | | २२५२९ | अन्य कार्यक्रम खर्च | ६०००००.०० | २६४६१७.०० | ३३५३८३.०० | |
| २७७६३४७.०० | | | यस महिना सम्मको जम्मा | १०९५९५१५०.०० | २१३३२३७७.०० | ८८२६२७७३.०० | |

### कोषको अवस्था

| यस महिना सम्मको निकासा: | | बैकैको नाम:- - | | बैकै खाता नं.:- - | |
|---|---|---|---|---|---|
| जम्मा खर्च:- | २१३३२३७७.०० | बैक बांकि:- | ०.०० | सापटी निर्न बांकि :- | .०० |
| जम्मा पेश्की बांकि:- | १४७४०००.०० | नगद बांकि:- | .०० | सापटी आउन बांकि :- | .०० |
| खुद खर्च पेश्की कटाई:- | १९८५८३७७.०० | जम्मा बांकि:- | .०० | दाखिला बांकि :- | .०० |

तयार गर्ने- पेश गर्ने- सदर गर्ने- आ.लेप गर्ने- म.लेप गर्ने- १

नेपाल सरकार

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरबार

## खर्चको फाँटवारी

बजेट शिर्षक कोड:- ३५२०११-४ | आ.व:-२०७२/२०७३

बजेट शिर्षक नाम:-सहकारी तथा गरिवी निवारण मन्त्रालय | महिना:- चैत्र

| महिनाको खर्च | मसान्त सम्मको निकासा | रकम नं. | शिर्षक | वार्षिक बजेट | मसान्त सम्मको खर्च | बांकि बजेट | निकासा बांकि |
|---|---|---|---|---|---|---|---|
| | | २९३११ | फर्नीचर तथा फिक्चर्स | ५०००००.०० | ८८०२७.०० | ४११९७३.०० | |
| | | २९५११ | मेशिनरी औजार | ४७०००००.०० | ५८२००.०० | ४६४१८००.०० | |
| | | २९६२१ | पूंजीगत सुधार खर्च - सार्वजनिक निर्माण | ३००००००.०० | | ३००००००.०० | |
| | | २९७११ | पूंजिगत अनुसन्धान तथा परामर्श | २५०००००.०० | | २५०००००.०० | |
| | | यस महिना सम्मको जम्मा | | १०७००००००.०० | १४६२२७.०० | १०५५३७७३.०० | |

### कोषको अवस्था

| यस महिना सम्मको निकासा: | | बकैको नाम:-- | | बकै खाता नं.:-- | |
|---|---|---|---|---|---|
| जम्मा खर्च:- | १४६२२७.०० | बैक बांकि:- | ०.०० | सापटी लिने बाँकि :- | .०० |
| जम्मा पेश्की बंकि:- | .०० | नगद बांकि:- | .०० | सापटी आउन बाँकि :- | .०० |
| खुद खर्च पेश्की कटाई:- | १४६२२७.०० | जम्मा बांकि:- | .०० | दाखिला बाँकि :- | .०० |

तयार गर्ने- पेश गर्ने- सदर गर्ने- आ.लेप गर्ने- म.लेप गर्ने- १

**माननीय उपप्रधानमन्त्री तथा सहकारी तथा गरिबी निवारण मन्त्री श्री चित्रबहादुर के.सी. : ४२०००५५**

## मन्त्रालयका कर्मचारीहरुको विवरण

| सि.नं. | पद नाम | सेवा/ समुह | कर्मचारीको नाम | शाखा/ महाशाखा | कार्यालयको फोन नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|---|
| १ | सचिव | प्र./सा.प्र. | श्री शंकर प्रसाद अधिकारी | | ४२११८६० | ९८५११२४७५३ |
| २ | सह-सचिव | प्र./सा.प्र. | श्री सुरेश प्रधान | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१३९९७५२ |
| ३ | सह-सचिव | प्र./सा.प्र. | श्री काशीनाथ मरासिनी | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | ९८५११८३८५९ |
| ४ | उप-सचिव | प्र./सा.प्र. | श्री बिजुकुमार श्रेष्ठ | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | ९८४१२२३१६६ |
| ५ | उप-सचिव | प्र./सा.प्र. | श्री भरतप्रसाद आचार्य | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१३९९०७२ |
| ६ | उप-सचिव | प्र./सा.प्र. | श्री शिव प्रसाद रिजाल | उ.पा.प. काज | | |
| ७ | उप-सचिव | प्र./सा.प्र. | श्री ज्ञानेन्द्र प्रसाद ढकाल | अ.दु.अ.आ. काज | | |
| ८ | उप-सचिव | प्र./सा.प्र. | श्री अनन्तकुमार बस्नेत | गरिबी निवारण शाखा | ४२०००८० | ९८४१६८३०६५ |
| ९ | उप-सचिव | प्र./सा.प्र. | श्री रमेश अधिकारी | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | ९८४१४२४७७० |
| १० | उप-सचिव (तथ्याङ्क) | नि.आ.यो. | श्री शिवराज न्यौपाने | अनुगमन, मूल्यांकत तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४१४४१९५१ |
| ११ | उप-सचिव (कानून) | न्याय | श्री भगवानलाल श्रेष्ठ | ऐन, नियम, परामर्श शाखा | ४२०००७३ | ९८४१३६७५०९ |
| १२ | उप-सचिव (लेखा) | प्र./ले. | श्री विष्णुहरि वाग्ले | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१४६७३९३ |
| १३ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री कल्किका श्रेष्ठ | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | ९८४१७३६७८८ |
| १४ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री गोविन्द प्रसाद पाण्डे | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८६०९२८१२८ |
| १५ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री गुणा राई | गरिबी निवारण शाखा | ४२०००८० | ९८४१२४३१५० |
| १६ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री गौतम रिमाल | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१५६४८४२ |
| १७ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री आनन्द शर्मा भुसाल | गृह मन्त्रालय वा अन्तर्गत काज | | |
| १८ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री कला कुमारी गैह्रे | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | ९८४१९३९०२३ |
| १९ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री राममणि अधिकारी | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | ९८४९६३५३७८ |
| २० | शाखा अधिकृत | प्र./सा.प्र. | श्री निलकण्ठ काफ्ले | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४७५८८०३० |
| २१ | लेखा अधिकृत | प्र./ले. | श्री राजन न्यौपाने | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१४३४४०७ |
| २२ | लेखा अधिकृत | प्र./ले. | श्री बालकृष्ण थापा | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१३८०९३४ |
| २३ | शाखा अधिकृत | प्र./सा.प्र. | श्री राजेन्द्र पोखरेल | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | |
| २४ | कम्प्युटर अधिकृत | विविध | श्री सनत कुमार न्यौपाने | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | ९८४१६१५४८० |
| २५ | ना.सु. | प्र./सा.प्र. | श्री सूर्य कुमार श्रेष्ठ | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | |
| २६ | ना.सु. | प्र./सा.प्र. | श्री चण्डिका कोइराला | श्रीमान् सचिवज्यूको निजी सचिवालय | ४२११८६० | ९८४५१२७३८७ |
| २७ | ना.सु. | प्र./सा.प्र. | श्री राजेश कुमार लम्साल | श्रीमान् सचिवज्यूको नीजि सचिवालय | ४२११८६० | ९८४९६९७९६२ |
| २८ | ना.सु. | प्र./सा.प्र. | श्री कृष्णप्रसाद भुसाल | स्टोर | ४२११६३७ | ९८४१७०९८९७ |
| २९ | ना.सु. | प्र./सा.प्र. | श्री अमृता दुरा | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४९३६२६९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | ना.सु. | प्र./सा.प्र. | श्री श्रीप्रसाद तिवारी | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | ९८४१४९१२०८ |
| ३१ | ना.सु. | प्र./सा.प्र. | श्री भरतमणि सापकोटा | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४९६४५०३० |
| ३२ | ना.सु. | प्र./सा.प्र. | श्री भरतकुमार भण्डारी | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | ९८४५३७३११० |
| ३३ | लेखापाल | प्र./ले. | श्री गिरीराज रेग्मी | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१३२३५२६ |
| ३४ | लेखापाल | प्र./ले. | श्री सोमनाथ अधिकारी | आर्थिक प्रशासन शाखा | ४२११५७६ | |
| ३५ | कम्प्युटर अपरेटर | विविध | श्री नीरज बलामी | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१६४९९३ |
| ३६ | कम्प्युटर अपरेटर | विविध | श्री अमर अधिकारी | अ.दु.अ.आ. काज | | |
| ३७ | खरिदार | प्र./सा.प्र. | श्री हरि गोपाल डंगोल | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१२४८३१८ |
| ३८ | खरिदार | प्र./सा.प्र. | श्री बिमला बास्तोला | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | ९८४९२८७८२६ |
| ३९ | स.ले.पा. | प्र./ले. | श्री सुरेन्द्र पोखरेल | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४९६७४५०३ |
| ४० | का.स. | श्रेणी विहिन | श्री होम बहादुर बस्नेत | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१७८१७१४ |
| ४१ | का.स. | श्रेणी विहिन | श्री सविना डंगोल | दर्ता/चलानी | | ९८४१८०७६४० |
| ४२ | कम्प्युटर अपरेटर | सेवा करार | श्री प्रतिभा अधिकारी | | | |
| ४३ | कम्प्युटर अपरेटर | सेवा करार | श्री महानन्द जोशी | | | |
| ४४ | ह.स.चा. | सेवा करार | श्री चित्र बहादुर कार्की | | | |
| ४५ | ह.स.चा. | सेवा करार | श्री रामकृष्ण मानन्धर | | | |
| ४६ | ह.स.चा. | सेवा करार | श्री मिनु गोले | | | |
| ४७ | ह.स.चा. | सेवा करार | श्री सानुकान्छा श्रेष्ठ | | | |
| ४८ | ह.स.चा. | सेवा करार | श्री सानु कुमार देशार | | | |
| ४९ | ह.स.चा. | सेवा करार | श्री जितेन्द्र चित्रकार | | | |
| ५० | का.स. | सेवा करार | श्री दिपा कार्की | | | |
| ५१ | का.स. | सेवा करार | श्री अनुसुया पौडेल | | | |
| ५२ | का.स. | सेवा करार | श्री बिमला दुलाल | | | |
| ५३ | का.स. | सेवा करार | श्री कृष्ण बहादुर खत्री | | | |
| ५४ | का.स. | सेवा करार | श्री अनु तामाङ | | | |
| ५५ | का.स. | सेवा करार | श्री किशोर भुजेल | | | |
| ५६ | का.स. | सेवा करार | श्री शशीकला खत्री | | | |
| ५७ | का.स. | सेवा करार | श्री टिकराज श्रेष्ठ | | | |



| | |
|---|---|
| **संरक्षक**<br>सचिव श्री शंकरप्रसाद अधिकारी<br><br>**संयोजक**<br>सह-सचिव श्री काशीनाथ मरासिनी<br><br>**सदस्यहरु**<br>उपसचिव श्री भरतप्रसाद आचार्य<br>उपसचिव (लेखा) श्री हिरण्यप्रसाद पराजुली<br>उपसचिव (तथ्यांक) श्री शिवराज न्यौपाने<br><br>**सम्पादक**<br>शाखा अधिकृत गौतम रिमाल<br>शाखा अधिकृत राममणि अधिकारी<br><br>**कम्प्युटर ले-आउट**<br>कम्प्युटर अपरेटर श्री नीरज बलामी | **सहकारी तथा गरिबी निवारण मन्त्रालयको सम्पर्क टेलिफोन नम्बर**<br><br>माननीय मन्त्री: ४२०००५५<br><br>सचिव: ४२११८६०<br><br>सहकारी तथा व्यवस्थापन महाशाखा: ४२११७८१<br><br>योजना तथा गरिबी निवारण महाशाखा: ४२०००५८<br><br>प्रशासन तथा जनशक्ति विकास शाखा: ४२११६९०<br><br>आर्थिक प्रशासन शाखा: ४२११५७६<br><br>सहकारी प्रवर्द्धन शाखा: ४२००४२०<br><br>गरिबी निवारण शाखा: ४२०००८०<br><br>योजना तथा नीति तर्जुमा शाखा: ४२११९०६/४२११९७६<br><br>अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा: ४२०००६०<br><br>ऐन, नियम तथा परामर्श शाखा: ४२०००७३<br><br>जिन्सी: ४२११६३७<br><br>वेबसाइट: www.mocpa.gov.np<br><br>Fax no: ४२११७५४ |